नेपाल सरकार
शिक्षा , विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
शिक्षा विकास तथा समन्वय इकाई
काभ्रेपलान्चोक

पत्र सं. २०८२।८३
च.नं. :

फोन नं.: ०११-४९०११७

मितिः२०८३।०१।० २

श्री जो जससँग सम्बन्ध राख्दछ ।

विषयः आवश्यक कागजात पेश गर्ने सम्बन्धी सूचना ।

प्रस्तुत सम्बन्धमा यस जिल्लामा ठूलो संख्यामा शिक्षा परामर्श सेवा तथा भाषा शिक्षण सम्बन्धी (कन्सल्टेन्सी), लोक सेवा आयोग, शिक्षक सेवा आयोग, भाषा कक्षा, ट्युसन सेन्टर, ब्रिज कोर्ष, कोचिङ कक्षा आदि) नामक प्रचलित कानुन विपरित विभिन्न संस्थाहरू सञ्चालनमा रहेको भन्ने उजुरीका आधारमा मिति २०८२।१२।२८ मा गरिएको अनुगमन तथा जिल्ला प्रशासन कार्यालय काभ्रे, शिक्षा विकास तथा समन्वय इकाई काभ्रे, नेपाल शैक्षिक परामर्श संघ र स्वतन्त्र शैक्षिक परामर्श व्यवसायी संघ नेपालको मिति २०८२।१२।३० को बैठकको निर्णयानुसार तपसिल बमोजिमका कागजातसहित ७ (सात) दिन भित्र यस कार्यालयमा अनिवार्य रुपमा फाइल पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । अनुगमनको क्रममा समयमा कागजात पेश नगरेमा, शर्त र मापदण्ड पालना नगरी संस्था सञ्चालन गरेको पाइएमा कानून बमोजिम कारबाही हुने बेहोरासमेत अनुरोध छ ।

**तपसिल**

१. फर्म वा कम्पनीको स्वीकृत प्रवन्ध-पत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि,
२. सञ्चालकहरूको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
३. स्थायी लेखा प्रमाण-पत्र (PAN) वा VAT को प्रतिलिपि,
४. कम्तिमा दुई जना परामर्शदाताको प्रमाणपत्र,
५. कुनै पनि देशको कम्तिमा दुईवटा कलेज तथा विश्वविद्यालयको आधिकारिक प्रतिनिधि भएको प्रमाणपत्रको प्रतिलिपि,
६. कम्तिमा २ वर्षको लागि घर भाडामा लिएको सम्झौता पत्रको प्रतिलिपि,
७. संस्थाको नाममा खाता सञ्चालनमा रहेको व्यहोराको सम्बन्धित बैंकको सिफारिस पत्र,
८. संस्थाले प्रदान गर्ने सेवा सुविधा, कार्यप्रक्रिया, लागतसमेत खुलाइएको विवरण,
९. भाषा वा पूर्व तयारी कक्षा सञ्चालन गर्ने प्रशिक्षकहरूको योग्यता खुलेको प्रमाणपत्रहरूको प्रतिलिपि सहितको विवरण,
१०. पछिल्लो एक वर्षको कामको विस्तृत विवरण,
११. पछिल्लो एक वर्षको लेखा परीक्षण प्रतिवेदन,
१२. संस्थादर्ता/नवीकरण भएको प्रमाणपत्र

२०८३।०१।०२

सविता दंगाल
इकाई प्रमुख (उपसचिव)

E-mail : deokavre@gmail.com, edcukavre@gmail.com

इकाई प्रमुख